## संशोधन

बुधवार ६ दिसम्बर २०१७ को हाम्रो प्रजाशक्तिको पहिलो पातामा प्रकाशित एउटा समाचारमा 'राज्य सरकार र विमल गुरुङ मामिलामा अघिल्लो सुनवाई ८ दिसम्बरमा हुने' को साटो अन्यथा हुन गएकोमा खेद प्रकट गर्दछौं।-स.

## खरसाङमा सम्झौता दिवस पालन

खरसाङ, ६दिसम्बर। गोरामुमो, खरसाङ शहर समष्टिको आयोजनामा स्थानीय पार्टी कार्यालयमा १३औं छैटौं अनुसूची सम्झौता दिवस भव्य रूपमा पालन गरियो। संजय छेत्रीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा मूल सचिव भूषण देवानले छैटौं अनुसूचीबारे विस्तृत जानकारी गराउँदै भने, गोर्खाल्याण्डका जन्मदाता स्व० सुवास घिसिङले यस भू-भागलाई ठेकाना लगाउनका लागि नोमेन्सल्याण्ड अनि लीज-होल्डको आवाज उठाएर केन्द्र र राज्य सरकारलाई चकित बनाएका थिए। उनले यस विषयलाई हेगमा सम्म पुऱ्याएका थिए। अन्तमा केन्द्र र राज्य सरकारमाथि दबाब दिँदै पहाड़को विकल्पको रूपमा ६ दिसम्बर, २००५ मा मेमोरेण्डम अफ सेटलमेन्ट गराउनका लागि घिसिङले बाध्य बनाएका थिए। तर यस अवधि केही स्वार्थी नेताहरूले जनताको भावनासित खेलवाड़ गर्दै घोर विरोध गरेका थिए।

## सम्झौता दिवस पालन

कालेबुङ, ६ दिसम्बर। गोरामुमोले आज छैटौं अनुसूची सम्झौता दिवस पालन गऱ्यो। गोरामुमोले २५ अनि २६ नम्बर समष्टिको संयुक्त आयोजनामा पेदोङको सामुदायिक भवनमा सम्झौता दिवस पालन गऱ्यो जसमा गोरामुमो कालेबुङ जिल्ला संयोजक मौरिस कालिकोटेको विशेष उपस्थिति रहेको थियो। स्वर्गीय सुवास घिसिङको तस्वीरमा माल्यार्पण एवं दीप प्रज्वलन गरिएपछि आरम्भ भएको कार्यक्रममा संयोजक कालिकोटेले जनसाधारणको मन-मस्तिष्कमा छैटौं अनुसूचीलाई राख्ने उद्देश्यले सो कार्यक्रम आयोजना गरिएको बताए। छैटौं अनुसूचीमाथि सम्झौता भएको १२ वर्ष पुगिसकेको बताउँदै उनले कुनै दिन छैटौं अनुसूची लागू भएर गोर्खा जाति आफ्नो लक्ष्य तर्फ बढ्ने विश्वास व्यक्त गरे।

# विनय र अनीतले जीटीए-मा बसेर दूरदर्शी कार्य गरेका छन् : सन्दीप छेत्री

**दार्जीलिङ, ६ दिसम्बर।** गोजमुमो अध्यक्ष विमल गुरुङले १८ जुलाई २०११ मा केन्द्र अनि राज्यसित सम्झौता गरी थापेका हुनाले जीटीएको वास्तविक जन्मदाता विमल गुरुङ स्वयं हुन् भन्दै गोजमुमो (विनय) दार्जीलिङ महकुमा समिति प्रचार प्रसार सचिव सन्दीप छेत्रीले गोर्खाल्याण्ड आन्दोलनलाई जीटीएमा सम्झौता गरी राज्य सरकारसित हात मिलाएपछि गुरुङको राजनैतिक अदूरदर्शीपनाको कारण जीटीए असफल भएको आरोप लगाएका छन्। गुरुङले जीटीएसितै गोर्खाल्याण्ड आन्दोलन पनि असफल बनाएको तिनले अझ आरोप लगाए। तिनले भने, यदि जीटीए चलाउनु थिएन त विमलले सम्झौता नगरी गोर्खाल्याण्ड आन्दोलनलाई नै निरन्तरता दिनुपर्थ्यो, कि त जीटीए सम्झौतामा सहीछाप गरिसकेपछि पहाड़को जनताको विकास अनि हितमा जीटीएमा बसी सही प्रकारले काम गर्नुपर्थ्यो। तिनको अदूरदर्शिता अनि सही निर्णय लिन नसकेको कारणले न त २००७ को सशक्त गोर्खाल्याण्ड आन्दोलन टुङ्गोमा पुग्न सक्यो न विकल्पमा थापेको जीटीए नै राम्रोसंग सञ्चालन हुनसक्यो, छेत्रीले भने।

जीटीए-लाई १,२ अनि ३ बताइएकोमा तिनले जीटीए केवल जीटीए नै हो अनि यसको जन्मदाता विमल गुरुङ स्वयं हुन् र विमल गुरुङले राज्य अनि केन्द्र सरकारसित सहीछाप गरेर जीटीए थापेका हुन् भने विनय तामाङ र अनीत थापाले जीटीएको कानून-प्रावधानअनुसार राखिएको मात्र हो भने। यदि विनय तामाङ अनि अनीत थापा नभएका भए कानूनी तवरमा राज्य सरकारले जसलाई पनि एडमिनिस्ट्रेटर्स बनाएर राख्न सक्थ्यो र कानूनी तवरमा जीटीए चलिरहेको हुन्थ्यो।

छेत्रीले भने, यदि जीटीए जनविरोधी थियो भने दुइ-दुइपल्ट विमल गुरुङले जीटीए थापेर चलाउँदा चाहिँ किन विरोध गरिएन। जीटीएको चीफबाट राजीनामा दिँदैमा र सभासदहरूले चौकी छोड्दैमा जीटीए सकिँदैन। जीटीएको खाली चौकीमा कसैलाई पनि राख्न सक्ने प्रावधान जीटीएको कानूनमा नै छ र यस हिसाबमा विनय तामाङ र अनीत थापाले उक्त स्थानमा बसेर दूरदर्शितापूर्ण कार्य गरेका छन् भन्दै तिनले अन्य पार्टीका वा अरू कसै नै यस चौकीमा बसिदिएको भए पार्टी अनि मुद्दाको निम्ति जेल परेका बन्दीहरूलाई कसले निकाल्ने थियो? केस खानेहरूको केस कसले मिलाउने थियो?, घाइतेहरूलाईको उपचार कसले गर्ने थियो? भन्ने प्रश्नहरू गरे।

## मन घिसिङ कलकत्ता प्रस्थान

# छैटौं अनुसूची समझौता दिवस पालन



**दार्जीलिङ, ६ दिसम्बर।** बुधवार गोरामुमो दार्जीलिङ ब्राञ्च कमिटी कार्यालयमा छैटौं अनुसूचीको १३ औं समझौता दिवस पालन गरियो। कार्यक्रममा गोरामुमो कन्भेनर एमजी सुब्बा, किशोर गुरुङ, पूर्ण राई, गोरामोमोकी वसुन्धरा प्रधान, गोर्खा राष्ट्रिय भूतपूर्व सैनिक संगठन प्रमुख जेआर देवान आदि उपस्थित थिए। कार्यक्रममा नेताहरूले गोरामुमो संस्थापक अध्यक्ष सुवास घिसिङको चित्रअघि १०८ बत्ती जलाए अनि प्रार्थना आदि गरियो।

भारतको संविधानको धारा २४४,२ मा छैटौं अनुसूची गठन गर्नसकिने प्रावधान भएकोले सुवास घिसिङले यसको माग गरेका कन्भेनर एमजी सुब्बाले बताए। २००५ को ६ दिसम्बर राज्य, केन्द्र सरकार अनि गोरामुमोमाझ छैटौं अनुसूचीको दस्तावेजमा त्रिपक्षीय समझौता भई राज्य सरकारले विधानसभामा यसको प्रस्ताव पारित गरेर केन्द्र सरकारलाई पठाएको हो तर संसदमा छैटौ अनुसूचीको आरोप कन्भेनर सुब्बाले लगाए। सुब्बाले आउँदा दिनमा गोरामुमोले दार्जीलिङमा विराट जनसभा गर्ने जानकारी दिए। अर्कोतिर, गोरामुमो अध्यक्ष मन घिसिङको नेतृत्वमा गोरामुमोको चार सदस्यीय प्रतिनिधि टोली बुधवार कलकत्ता प्रस्थान भए। कलकत्तामा राज्यका मुख्यसचिवसँग हिल डेभलपमेण्ट कमिटीबारे कुराकानी गर्नु यो यात्रा रहेको बताइएको छ।

## दुधिया शाखाको आयोजनामा सम्झौता दिवस

**खरसाङ, ६ दिसम्बर।** पंखाबारी-गिद्धे पहाड़ समष्टि अन्तर्गत गोरामुमो, दुधिया शाखाको आयोजनामा सभा सम्पन्न भयो। समष्टि अध्यक्ष नरेश गुरूङको अध्यक्षतामा सम्पन्न सभालाई सम्बोधन गर्दै गोरामुमो, खरसाङ शाखा अध्यक्ष निमा लामाले छैटौं अनुसूची सम्झौता दिवसमाथि प्रकाश पारे। उनले भने, ६ दिसम्बर, २००५-को दिन छैटौं अनुसूचीमाथि सम्झौता भएको थियो तर यसको विरोधमा दार्जीलिङ पहाड़मा गोर्खा जनमुक्ति मोर्चा गठन गरेर छैटौं अनुसूचीमाथि सम्झौता भए समस्त गोर्खा जातिको विभाजन हुने लगायत विभिन्न वाहियात आरोपहरू लगाइएको थियो। १२ वर्षपछि बल्ल पहाड़का जनताले बुझिरहेका छन् कि विरोधी गुटले हामीलाई खाड़लमा धकेल्ने कथित काम गरेको थियो। यसैले अहिले पहाड़का जनताले गोरामुमो र छैटौं अनुसूचीलाई समर्थन गरिरहेका छन्।

सुबोध पाख्रीनद्वारा संचालित सभामा पारस गुरूङ, रविन लामा, युद्ध छेत्री, पेमु छेत्री, चन्द्रकला पाख्रीन, रिगेन राई, सुजित छेत्री, बिरेन्द्र छेत्री आदिको विशेष उपस्थिति रहेको थियो। सोही अवसरमा रोहिणी लाप्चेटार क्षेत्रबाट २० अनि दुधिया क्षेत्र-बाट ११० घर गोरामुमो समर्थकहरू गोरामुमोमा सामेल भए।

## हु-केयर्सद्वारा शिशुलाई आर्थिक सहयोग गरिने

**कालेबुङ, ६ दिसम्बर।** आगामी ८ र ९ दिसम्बरको दिन कालेबुङमा पहिलो पटक हु-केयर्सको आयोजनामा चिकन फेस्टिबल आयोजना भइरहेको छ। आज रिपोर्टर्स कालेबुङमा सम्पन्न पत्रकार सम्मेलनमा उक्त आशयको जानकारी दिँदै सामाजिक संस्था हु-केयर्सका संयोजक एरोन योज्जनले भने, यूरोपेली अनि उत्तरपूर्वी क्षेत्रमा लगातार आयोजना हुँदै आइरहेको यस किसिमको फेस्टिबल कालेबुङमा आयोजना गरेर नयाँ ट्रेण्ड शुरू गर्न चाहन्छौं। उनले फेस्टिबलमा जनसाधारणहरूलाई आइदिने आग्रह गर्दै फेस्टिबलमा संग्रह भएको केही राशि हाट बजार निवासी १५ महिनाका शिशु अनिल छेत्रीको उपचारको निम्ति सहयोगस्वरूप प्रदान गरिनेछ र केही राशि संस्थाको कोषमा राखिने जानकारी गराए।

## बतासे उदय-बालवादी स्कूलमा राष्ट्रिय बाल स्वास्थ्य कार्यक्रम

सोनादा, ६ दिसम्बर। राष्ट्रिय बाल स्वास्थ्य कार्यक्रम (आरबीएसके) अन्तर्गत पश्चिम बंगाल राज्यमा मात्र सीमित नभएर सम्पूर्ण भारत देश भरि नै सञ्चालन गरिने क्रममा घूमस्थित बतासे उदय बालवादी प्राथमिक पाठशालामा राष्ट्रिय बाल स्वास्थ्य कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा स्कूल हेल्थको नाममा ० देखि १८ वर्षसम्मका शिशुहरूको जन्मजात् रोगहरू जस्तै मुटुमा छिद्र, ओठ काटिएको, खुट्टा बाँगिएको नशा सम्बन्धि विभिन्न रोगहरूको निःशुल्क जाँच एवं निःशुल्क उपचार सम्बन्धि निकायले गर्दै आईरहेको प्रथ्यांङ्क उक्त कार्यक्रममा प्रष्ट पाऱ्यो।

कार्यक्रममा बतासे उदय बालवादी प्राथमिक पाठशालाका कक्षा एकदेखि कक्षा चारसम्मको शिशुहरूको निःशुल्क स्वास्थ्य जाँच संगै तिनीहरूको उमेर अनुसारको शरीरको ओजनको पनि निरीक्षण गऱ्यो। जाँचपछि पाइएका रोगहरूको रोकथाम नियन्त्रण घाउ खटिरा सम्बन्धी औषधि भिटामिन निःशुल्क वितरण र नानीहरूको माता-पितालाई रोग र औषधि बारेमा सर-सल्लाह र परामर्श आदन -प्रदान गरे। उक्त कार्यक्रममा सम्बन्धित स्वास्थ्य विभागबाट डा. शुभमोय सेन, सिस्टर श्रद्धा राई, फर्मासिष्ट बसन्त गुरुङ उपस्थित रहेको थियो भने उनीहरूले नै कार्यशाला सञ्चालन गरेका थिए। कार्यक्रममा बतासिया उदय बालबादी प्राथमिक पाठशालाका प्रधान शिक्षक कमल मुदेन लगायत सह-शिक्षकहरू उपस्थित रहेको कमल मुदेनले ***हाम्रो प्रजाशक्ति***-लाई जनाएका छन्।

## प्रचेष्टा शिविरको आयोजना

**मिरिक, ६ दिसम्बर।** मिरिक महकुमा अनि खण्ड विकास कार्यालयको संयुक्त आयोजनामा आज बुङकुलुङ बस्ती नाम्सु चालिसेमा प्रचेष्टा शिविरको आयोजना गरियो। ग्रामीण क्षेत्रका बासिन्दाहरूलाई सहयोग पुऱ्याउने उद्देश्यले आयोजित उक्त शिविरमा आर्थिक रूपले कमजोर एक सय परिवारलाई १२ किलो चामल, साड़ी, च्यादर, ब्लेन्केट वितरण गरियो। यसको साथै जातीय प्रमाणपत्र, बासिन्दा प्रमाण-पत्र, राशन कार्ड आदि बनाउने सुविधा ग्रामीणहरूलाई उपलब्ध गराउन पनि यस किसिमको प्रचेष्टा शिविर आयोजना गरिएको मिरिक महकुमा शासक अश्विनि कुमार रोयले जानकारी गराए। उनले अझ बताए अनुसार सानोभन्दा सानो काम लिएर महकुमा कार्यालय, खण्ड विकास कार्यालय धाउनुपर्ने जनताको समस्या समाधानको निम्ति यस किसिमको शिविर आयोजना गरिन्छ। शिविरमा सम्बन्धित विभागका कर्मचारीहरू उपस्थित भएर विभिन्न प्रमाणपत्रहरूसहित राशन कार्ड आदि बनाइदिने गर्दछन्। यस अतिरिक्त शिविरमा मानव स्वास्थ्य, पशु स्वास्थ्य लगायत आम जनसाधारणले भोग्न परिरहेका समस्याहरूको बारेमा पनि शिविरमा चर्चा गरिन्छ। शिविरमा किसान क्रेडिट कार्डबारे विस्तृत रूपमा जानकारी गराउँदै यसको फाइदा र नोक्सान बारे जनसाधारणलाई सचेत गराइएको खण्ड विकास अधिकारी अमिताभ भट्टाचार्यले बताए। यसरी आगामी महिना छोटा टिडलिङ नोल डाँड़ा अनि खरबानीलाई मिलाएर यस्तै शिविर आयोजना भइरहेको जानकारी पनि उनले दिए।

## भोलेन्टियर टिचर्स एसोसिएशनको मिरिक महकुमा समिति गठन

मिरिक, ६ दिसम्बर। स्वयंसेवक शिक्षक-शिक्षिकाहरूको संगठन भोलेन्टियर टिचर्स एसोसिएशनको मिरिक महकुमा समिति गठन गरिएको छ। यसअघि यो संगठनको खरसाङ महकुमा समिति गठन गरिएको थियो जसलाई विघटन गरी मिरिक महकुमा समिति गठन गरिएको जानकारी गराइएको छ। नवगठित यस समितिमा विजय गोले अध्यक्ष, उपाध्यक्ष उषा राई र तारकित लेप्चा, सचिव चन्द्रमति राई, सहसचिव सोनिला प्रधान, कोषाध्यक्ष प्रतिमा राई, प्रमुख सल्लाहकारमा प्रकाश हाङकिमसहित १२ जनालाई कार्यकारी सदस्यको रूपमा चयन गरिएको छ। समितिले जीटीए क्षेत्रका प्राथमिक पाठशालाहरूमा वर्षौदेखिको न्यूनतम वेतनमा काम गर्दै आइरहेका स्वयंसेवक शिक्षक-शिक्षिकाहरूको स्थायीकरणको निम्ति काम गर्ने बताइएको छ।

## भाजपाको उत्तर बंगालको प्रभार रथीन्द्र बोस र दीपेन प्रामाणिकलाई

**सिलगढ़ी, ०६ दिसम्बर।** भाजपाको उत्तरबंगालका संयोजक रथीन्द्र बोस एवं जलपाईगढ़ी भाजपाका पूर्व अध्यक्ष दीपेन प्रामाणिकलाई उत्तर बंगाल जोनको जिम्मेवारी सुम्पिएको छ। रथीन्द्र बोसले बुधवार आफ्नो आवासमा पत्रकारहरूलाई सम्बोधित गर्दै यो जानकारी दिए। उनले बताएका छन्, जमीनी स्तरमा सानो कमेटीहरू बनाएर संगठनलाई दह्रिलो बनाउने मनसायले पश्चिम बङ्गालमा भाजपालाई पाँच जोनमा बाँडिएको छ, जसमा उत्तरबंगको प्रभार दीपेन प्रामाणिकको साथ हामीलाई सुम्पिएको छ। मनोज तिगालाई पनि कमितीमा ठाउँ दिइएको छ। प्रत्येक लोकसभा क्षेत्रको हिसाबले संगठनमा एक पालकको पनि नियुक्ति गरिएको छ। बोसले बताएका छन्, पालक, जिल्ला अध्यक्ष एवं जिल्ला पर्यवेक्षकले मिलेर राज्य र केन्द्रिय नेतृत्वसित सम्पर्क गरी लोकसभा स्तरमा पार्टीलाई दह्रिलो बनाउने काम गर्नेछन्। उनले थप जनाएका छन्, हाम्रो नजर पञ्चायत चुनाउमा छ, जसमा हामी राम्रो प्रदर्शन गर्नेछौं। उत्तर बङ्गालमा बूथ स्तरमा कमिटीहरूको गठन गर्ने कार्य ८० प्रतिशत पूरा गरिएको छ बाकी स्थानहरूमा चाँड़ै कमेटीहरू गठन गरिनेछ।


SPECIALIST DOCTORS
NOW AT JORETHANG
Dr Tshering Dorjee Sherpa MS(ENT)
SENIOR CONSULTANT ENT SURGEON from NEOTIA GETWEL HEALTHCARE CENTRE, SILIGURI
Dr Bhushan Sharma MS (ORTHO)
SENIOR CONSULTANT ORTHOPEDIC SURGEON from NIVEDITA HOSPITAL, SILIGURI
Dr Dipendra Gurung, MD (DERMATOLOGY)
SENIOR CONSULTANT SKIN SPECIALIST from SUNRISE NURSING HOME, SILIGURI
AVAILABLE EVERY SUNDAY 10 AM TO 2 PM
AT
SUVARNA MEDICALS
Fountain Corner, 1st Lane Jorethang, South Sikkim
Book Appointment: 8906005000,9733257788

WINTER CRASH COURSE
FOR X & XII CBSE / ISC / ICSE 2017-18
REGULAR CRASH NEET / IIT JEE, ADVANCED COACHING FOR CLASS X & XII GOING ON.....
Try & continue, Highly Experienced Faculties
We Complete Syllabus, Weekly Mock Test, Last Minute Questions & Answers Preparation, Parents can Check Regular Attendance & Weekly MOCK Test Performance, Best SUCCESS RECORD SINCE 2007
UDISHA
Since -2007
PNG SCHOOL ROAD, GANGTOK
Call: 9434137448 / 9083289834

सिलगढी जंक्सनमा सफाई, रखरखाउ अनि विकासीय कार्य
निविदा सूचना संख्या डी /बीजी /43 /गार्डन-क्लिङ / एसजीयू / 2017-18
कामको नाम- डीटीटीसी,डीटीटीएच, ईएमडी आरसीडीको सफाई अनि रखरखाउ र विकासीय बागवाणी काम(गार्डेनिङ) बीजी डिजेल, डीटीटीसी, लोको, सिमुलेटर(नयाँ) डिजेल शेड, सिलगढी जंक्सन /अनुमानित लागत : रु.42,87,089, बैना राशिः रु.85,742,निविदा फारम प्राप्त गर्न सकिन्छ-वरिष्ठ डिभिजनल मेकानिकल इन्जिनियर, डिजेल / सिलगढी जंक्सनको कार्यालयबाट 4 दिसम्बर 2017 देखि 2 जनवरी 2018 सम्म कार्यालय दिवसमा /निविदा बाकस उपलब्ध मिति 1) वरिष्ठ डीएमई / डी / सिलगढी जंक्सन अनि 2) सीएमपीई /डीएलएल /एन एफ रेलवे,मालिगाउँको कार्यालयमा 3 जनवरी 2018 देखि 4 जनवरी 2018 सम्म 10 बजेदेखि 3:30 बजे दिउँसोसम्म अनि निम्न हस्ताक्षरितको कार्यालयमा 8 जनवरी 2018 को 3:30 बजेसम्म खोलिनेछ। निविदा सूचनाको पूर्ण विवरण वैबसाइट www.nfr.indianrailways.gov.in मा हेर्नसकिन्छ।
वरिष्ठ डीएमई / डिजेल / सिलगढी जंक्सन
उत्तरपूर्वी सिमान्त रेलवे
मुस्कानसहित ग्राहकको सेवामा

WINTER COACHING at SS30
CBSE(Science,Comm,Arts,Voc) X/XII
ISC/ICSE XII/X (20 student in class)
Try few class & Join, Success Guaranteed
Faculties from different Coaching Centre (Sikkim & Outside)
NEET Coaching-Advance Coaching ForXI & XII
Provide Ttips,Techniquesfor NEET,JEE Mains & Other Ent.Exam
SIKKIM SUPER-30,DPH, Gtk,9564067717


सेन्ट्रल बैंक ऑफ़ इंडिया
Central Bank of India

## सेन्ट्रल ब्याङ्क अफ् इण्डिया

(भारत सरकारको उपक्रम)

जोनल कार्यालय / क्षेत्रिय कार्यालयः कलकत्ता /सिलगढी

चल र अचल सम्पतिहरुको बिक्रीको लागि ई-निलामीको निम्ति सार्वजनिक सूचना

ईएमडी अनि दस्तावेज बुझाउने अन्तिम मिति अनि समय 15 जनवरी 2017 को 4 बजेसम्म

वित्तिय परिसम्पतिको प्रत्याभूतिकरण अनि पुनःनिर्माण अनि प्रत्याभूति ब्याजको प्रवर्तन ऐन, 2002(2002 को संख्या 54) अन्तर्गत ब्याङ्कलाई बन्दकी राखिएको अचल सम्पतिको बिक्री। जब कि, सेन्ट्रल ब्याङ्क अफ् इण्डियाका प्राधिकृत अधिकारीले ब्याङ्कको देय असुलीको लागि जहाँ छ त्यहीको आधारमा सो सम्पतिको बिक्री गर्ने अधिकारसहित निम्न ऋृण खाताहरुमा वित्तिय परिसम्पतिको प्रत्याभूतिकरण अनि पुनःनिर्माण अनि प्रत्याभूति ब्याजको प्रवर्तन ऐन, 2002 को नियम 3सहित पढ्नुहोस् धारा 13(2) अन्तर्गत जारी गरिएको सूचना अनुसार निम्न सम्पति दखल गरेको थियो। यो बिक्री निम्नहस्ताक्षरकारीद्वारा वैबसाइट https://www.bankeauctions.com मा उपलब्ध गराइएको ई-निलामी प्लेटफार्म माध्यम गरिनेछ।

**अचल / अचल सम्पतिको विवरण**

| लट संख्या | शाखा अनि खाताको नाम | विवरण | माग सूचना मिति / बक्यौता राशि प्रतिभूत कर्ज | प्राधिकृत अधिकारीको विवरण | ईएमडी बुझाउने खाता विवरणहरु | आरक्षण मूल्य / ईएमडी / बोलि वृद्धि राशि | ई-निलामी मिति / समय |
|---|---|---|---|---|---|---|---|
| 1 | रम्फू शाखा राष्ट्रिय ३१ए, अपर बजार, डाक-रम्फू, जिल्ला-पूर्व सिक्किम, पीन-७३७१३२ गणेश बहादुर खाती | श्री गणेश बहादुर खाती(ऋृणधारक) को 0.85 हेक्टर मापको जमीन, प्लट नम्बर 06 अनि 10, खतियान संख्या 328, डीड संख्या 222417 / 20, डीड मिति-15-10-2012, मामरिङ ब्लक, नामथाङ इलाका, नाम्ची, जिल्ला-दक्षिण सिक्किममा रहेको। **जमिनको चौहती सिमाना** **उत्तरमा**- खोल्सा, **दक्षिणमा**- सरकारी आरक्षित वन, पूर्वमा- टिस्टा नदी, पश्चिममा- सरकारी आरक्षित वन | 04-06-2016 31-05-2016 सम्म 1,16,00,058.50 साथै ब्याज अनि अन्य खर्चहरु | श्री आरएन दास,मोबाइल नम्बर 7797810123, इमेल आईडी recvsiliro@centralbank.co.in | खाता संख्या 3065764914, खाताको नाम- क्षेत्रिय कार्यालय, व्यय खाता, लाभार्थीको नाम- सेन्ट्रल ब्याङ्क अफ् इण्डिया, आईएफएससी-CBIN0280125 | 1,85,28,000.00 18,53,000.00 1,86,000.00 | 17-09-2018 को 11 देखि 1 बजे दिउँसोसम्म |

**नियम र शर्तहरु**

**जहाँ छ त्यही** अनि **जे छ त्यही**-माथि निलामी हुँदैछ।

1 प्राधिकृत अधिकारीको पूर्ण ज्ञान अनि सूचनामा सो कुनै सम्पतिमाथि कुनै ऋृणभार छैन। यद्यपि, इच्छुक बोलिकर्ताले तिनीहरुले बोली बुझाउन अघि निलामीमा राखिएको सम्पतिको टाइटल, ऋृणभारबारे अनि सम्पतिलाई प्रभाव पार्ने दावी।अधिकार।बक्यौता स्वतन्त्र ढंगले अनुसन्धान गर्नुपर्नेछ। यस ई-निलामी विज्ञापनले कुनै प्रतिबद्धता अथवा ब्याङ्कलाई प्रतिनिधित्व गर्नेछैन। ब्याङ्को जानकारीमा अथवा बाहिर सबै विद्यमान अनि भविष्यको ऋृणभारसहित यो सम्पति बिक्री गरिन्दैछ।

2.बोली बुझाउन अघि परिसम्पति अनि ब्यौराबारे निरीक्षण गर्न र तिनीहरु आफैलाई सन्तुष्टि गर्न बोली लगाउनेहरुको दायित्व हुनेछ। इच्छुक बोली लगाउनेहरुले परिसम्पतिको निरीक्षण 09-01-2018 देखि 11-01-2018 (कार्यालय समयमा) स्थलमा गर्नसक्नेछन्।

3. इच्छुक बोली लगाउनेहरुले वैब पोर्टलःhttp://www.bankeauctions.com (http://www.bankeauctions.comमा नाम रेजिस्टर गरेर यूजर आईडी र पासवर्ड निशुल्क पाइन्छ) द्वारा लग् इन् आईडी अनि पासवर्ड लगाएर ईएमडी बुझाउनुपर्नेछ। उपरोल्लेखित खातामा एनईएफटीद्वारा ईएमडी भुक्तान गर्नसकिनेछ। बोली लगाउनेहरुले वैब पोर्टलमा पंजीकरणपछि(एकपटक) बोली दस्तावेज बुझाउने अन्तिम मिति अनि समय अघि वैब पोर्टलमा अपलोड गरिएका निम्न दस्तावेजका प्रतिहरु राख्न आवश्यक छ। क्रमैले-क) एनईएफटी/ आरटीजीएस चलान अथवा डीमाण्ड ड्राफ्टको प्रति, 2) पैन कार्डको प्रति, 3) पहिचान/ठेगानाको प्रमाण(केवाईसी) जस्तो मतदाता पहिचान पत्र ।ड्राइभिङ लाइसेन्स/पासपोर्टको स्व-सत्यापित प्रति, आदि। यो बिना बोली रद्द हुनेछ। परिशिष्ट-2 अनि 3 भरेर र हस्ताक्षर गरी स्केन कपी(वैब पोर्टल ।http://www.bankeauctions.com बाट डाउनलोड गर्न सकिन्छ) पनि अपलोड गरिनु आवश्यक छ। इच्छुक बोली लगाउनेहरु जसलाई लग् इन् आईडी अनि पासवर्ड बनाउन, तथ्याङ्क अपलोड गर्न, बोली दस्तावेज बुझाउन, प्रशिक्षण /प्रदर्शन चाहिन्छ उनले मेसर्स सी1 इण्डिया प्रा.लि, उद्योग विहार, चरण 2, गल्फ पेट्रोकेम भवन भवन संख्या 301, गुडगाउँ, हरियाणा, पीन-122015, ईमेल आईडीःsupport@bankeauctions.com हेल्प डेस्क नम्बरः 124-4302020/21, 7291981124/1125/1126 मा सम्पर्क गर्न सक्नेछन् अथवा परिसम्पतिबारे कुनै अनुसन्धान चाहिएमा प्राधिकृत अधिकारी श्री आरएन दास, मोबाइल नम्बरः 7797810123, ईमेल आईडीः recvsiliro@centralbank.co.in मा सोमबारेदेखि शनिबार कार्यालय समय सम्पर्क गर्नसक्नेछन्।

4.इच्छुक बोली लगाउनेहरुले तिनीहरुको बोली दस्तावेज(ईएमडी) (आरक्षण मूल्यभन्दा कम हुनुहुँदैन) बुझाउनुपर्दछ अनि 13-09-2017 को 4 बजेसम्म बुझाउनु आवश्यक छ( बुँदा संख्या 4 मा उल्लेखित)। अनि रेजिस्ट्रेसन प्रक्रियापछि यूजर आईडी र पासवर्ड बनिएरपछि, तिनीहरु ई-निलामीमा सहभागिता जनाउन पात्र हुनेछन्, तर दस्तावेजहरुको सत्यापन अनि प्राधिकृत अधिकारीको अनुमोदनमा निर्भर रहनेछ।

5. अनलाइन इन्टर बोलीमा बोली लगाउनेहरुले बोली वृद्दि राशि(उपरोल्लेखित) को आधारमा सुधार गर्न सक्नेछन्। बोली लगाउनेहरु जसले अधिकतम् बोली राशि(आरक्षण मूल्यभन्दा कम होइन) ई-निलामी प्रक्रिया बन्दमा लगाउनेछ -लाई आवश्यक सत्यापनपछि प्राधिकृत अधिकारी ।प्रत्याभूती धारकद्वारा सफल बोली लगाउनेको रुपमा घोषणा गरिनेछ।

6.सफल बोली लगाउनेहरुको बैना राशि(ईएमडी) पार्ट बिक्री मुआवजाको लागि रोकेर राखिनेछ अनि असफल बोलि लगाउनेहरुको ईएमडीलाई फिर्ता गरिनेछ। ईएमडीमा कुनै ब्याज दिइनेछैन। , भुक्तान गरिसकिएको ईएमडी राशिलाई मिलाउँदै, सफल बोलि लगाउनेहरुले बिक्री मूल्यको 25 प्रतिशत जमा गर्नुपर्नेछ। प्राधिकृत अधिकारीद्वारा बोली मूल्यको प्राप्तिको 24 घण्टाभित्रमा बिक्रीमा अथवा अघि बिक्रीको रहल 75 प्रतिशत

प्राधिकृत अधिकारीको निर्णयमा सहमतिको आधारमा यस्ता विस्तार गरिएको अवधीभित्र। यदि सफल बोलिकर्ताले भुक्तान गर्न चुकेमा, जमा गरिएको राशि जफ्त हुनेछ अनि सम्पति पुन-निलामी गरिनेछ अनि ऋृणशोधनअसक्षमकर्ताले सम्पति ।राशिमाथि कुनै दावा दावी गर्नसक्नेछैन।

7.प्रत्याशित काबिल बोलीकर्तालाई ई-निलामी मितिको अघि मेसर्स सी1 इण्डिया प्रा.लि.द्वारा अनलाइन प्रशिक्षण दिइनेछ। इन्टरनेट नेटवर्क समस्याको लागी न त प्राधिकृत अधिकारी ।ब्याङ्क या मेसर्स सी1 इण्डिया प्रा लि कोही पनि दायी हुनेछ तथा इच्छुक बोली लगाउनेहरु ई-निलामी गर्दा तिनीहरु आफै प्राविधिकरुपमा सम्पन्न रहनुपर्दछ।

8.खरिदकर्ताले स्टाम्प ड्यूटी ।अतिरिक्त स्टाम्प ड्यूटी ।अन्तरण शुल्क, शुल्क आदि सबै वहन गर्नुपर्दछ अनि सबै वैधानिक अनि अवैधानिक बाँकीहरु, करहरु, दरहरु, निर्धारण शुल्कहरु, पनि तिर्नुपर्नेहुन्छ।

9. प्राधिकृत अधिकारी अधिकतम अफर स्वीकार गर्न बाध्य छ अनि प्राधिकृत अधिकारीले कुनै कारण नदेखाई ई-निलामीलाई रद्द गर्ने, स्वीकार गर्ने या स्थगित गर्ने अधिकार आफुसित सुरक्षित राख्दछ।

10.बोली लगाउनेहरुलाई यो अनुरोध गरिन्छ कि तिनीहरुले बोली बुझाउन अनि ई-निलामीमा भाग लिन अघि मेसर्स सी1 इण्डिया प्रा लमको वैबपोर्टल https://www.bankeauctions.com मा उपलब्ध ई-बोलीको नियम र शर्तहरु हेर्नुपर्दछ।

11. यो प्रकाशन अप्रत्याशित घटना खण्डमाथि निर्भर गर्दछ।

**विशेष निर्देशन**

12. बोली लगाउनेहरुको हितमा यो सुझाउ दिइन्छ कि अन्तिम क्षणमा बली लगाउन जतिसक्दो वर्जित गर्नुहोस् यसमा न त ***सेन्ट्रल ब्याङ्क इण्डिया*** या त सेवा प्रदाताहरु कुनै पनि त्रुटी या अवरोधको लागि दायी हुनेछैन। यस्ता साना समस्याहरुलाई हटाउन बोली लगाउनेहरुलाई य अनुरोध गरिन्छ कि तिनीहरुले पावर सप्लाई ब्याकअप् जस्ता सबै आवश्यकहरु, व्यवस्थाहरु, विकल्पहरु तयारी बनाओस् जसमा तिनीहरुले यस स्थितीलाई सम्हाल्न सक्नेछन् अनि निलामीमा सफलतापूर्वक सहभागिता जनाउनसक्नेछन्।

**एसएआरएफएईएसआई ऐन, 2002 अन्तर्गत कानूनी 30 दिवसीय बिक्री सूचना**

ऋृणधारक /प्रत्याभूतीदाताहरुलाई यो अधिसूचित गरिन्छ कि ई-निलामीको अघि उपर उल्लेखित धनराशि साथै अहिलेसम्मको ब्याज र सहायक खर्चहरुलाई भुक्तान गरोस्, यसो नगरेमा परिसम्पति निलामी ।बिक्री हुनेछ अनि रहल बक्यौता, यदि भएमा, ब्याजसहित असुली गरिनेछ।

मिति-07 दिसम्बर 2017
स्थान-सिलगढी

प्राधिकृत अधिकारी
सेन्ट्रल ब्याङ्क अफ् इण्डिया